काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १४५ ❐ आइतवार, २४ फागुन, २०८२ ❐ Sunday, 8 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कांग्रेस–एमाले बर्चश्व रास्वपाले तोड्यो

२०४८ यताका निर्वाचनमा अधिकांश निर्वाचनमा प्रतिपस्र्धी रहने कांग्रेस एमालेको बर्चश्व रास्वपाले तोडेको छ ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २३ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्र मध्ये सात क्षेत्रको अन्तिम नतिजा सार्वजनिक भएको छ । जसमा सार्वजनिक मतपरिणाम अनुसार कर्णालीमा कांग्रेसले तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले एक, नेकपा एमालेले एक, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले एक र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक उम्मेदवारले जित निकालेका छन् ।

यस पटकको निर्वाचन रोचकसँगै इतिहाँसिक बनेको छ । अन्तिम मतपरिणाम आएका जिल्लाहरुमा सुर्खेत, दैलेख, कालीकोट, जुम्ला र जाजरकोट छन् । जसअनुसार सुर्खेत क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका उमेद्वार विष्णुबहादुर खड्का विजयी भएका छन् । खड्काले २६ हजार आठ सय ९७ मत प्राप्त गरी विजयी हुँदा एमालेका ध्रुवकुमार शाहीले १८ हजार आठ सय ९० मत प्राप्त गरेका छन् ।

यस्तै, रास्वपाका टेकबहादुर सिंहले १४ हजार सात सय २९ पाएका छन् । नेकपाका जीतबहादुर रानाले २ हजार ८२८ र राप्रपाका रविकिरण हमालले एक हजार ४९ मत पाएका छन् ।

यस्तै, सुर्खेत-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जित निकालेको छ । रास्वपाका उम्मेदवार रमेशकुमार सापकोटा ३० हजार आठ सय ४२ मत प्राप्त गरी नतिजा आफ्नो पक्षमा पार्दा उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका नारायण कोइरालाले १६ हजार तीन सय ७८ मत प्राप्त गरे । उनीहरु बीचको मतान्तर १४ हजार चार सय ५४ छ । सापकोटाको जितसँगै रास्वपाले कांग्रेस र एमालेको गढ प्रदेश राजधानीमा सानदार झण्डा गाडेको छ ।

यस क्षेत्रमा २०४८ यताका निर्वाचनमा अधिकांश निर्वाचनमा प्रतिपस्र्धी रहने कांग्रेस एमालेको बर्चश्व रास्वपाले तोडेको छ ।

यस्तै, जुम्लाबाट प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानबहादुर शाही विजयी भएका छन् । उनले निकट्तम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार नरेश भण्डारीलाई फराकिलो मतान्तरले पराजित गरेका हुन् । शाहीले १४ हजार आठ सय १६ प्राप्त गरि विजयी हुँदा भण्डारीले ११ हजार ६ सय ३६ मत प्राप्त गरेका छन् । यो उनको दोस्रो जित हो । उनी गएको निर्वाचनमा पनि भारी मतान्तरले विजयी भएका थिए ।



दुई निर्वाचन क्षेत्र रहेको दैलेख-१ मा १२ वर्षपछि नेपाली कांग्रेस-कम्युनिस्टको गढमा प्रवेश गरेको छ । २०७० को दोस्रो संविधानसभा निर्वाचन यता कांग्रेसको चुनाव चिह्न रुखमा भोट हाल्न नपाएका कांग्रेस कार्यकर्ता र शुभेच्छुकहरूले यसपटको विषमपरिस्थितिमा बासना थापालाई विजयी बनाएका छन् । कुनै समय कांग्रेसको गढ मानिएको यो क्षेत्रमा गठबन्धन संस्कृतिका कारण हलो र हसियाँ हथौडामा भोट हालेका कांग्रेस कार्यकर्ता र शुभेच्छुकहरूले यसपटक राजनीतिक रूपमा अनुभवी र पाका नेतालाई पाखा लगाउँदै थापालाई सांसद चुनेका छन् ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा थापाले १२ हजार तीन सय ७२ मत प्राप्त जित निकालेकी छन् । थापाका निकट प्रतिद्वन्द्वी नेकपा एमालेका रवीन्द्रराज शर्माले ११ हजार सात सय ९६ मत प्राप्त गरेका छन् । उनीहरूको मतान्तर पाँच सय ७६ छ । थापालाई चुनौती दिएका रास्वपाका नन्दकिशोर बस्नेतले आठ हजार एक सय ५१ मत प्राप्त गर्दा २०७० को संविधानसभा, २०७४ को प्रदेशसभा र २०७९ को प्रतिनिधिसभामा जित निकालेका नेकपाका अम्मरबहादुर थापाले चार हजार दुई सय ५६ मतका साथ लज्जास्पद हार व्यहोरेका छन् ।

दैलेख-२ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा एमालेका लक्ष्मीप्रसाद पोखरेल विजयी भएका छन् । पोखरेलले १३ हजार आठ सय ८९ मत प्राप्त गर्दै संसद यात्रा तय गरेका हुन् । पोखरेलका निकट्तम प्रतिस्पर्धी नेपाली कांग्रेसका दिक्पालकुमार शाहीले नौ हजार पाँच सय ५२ मत ल्याएका छन् । पोखरेलले जित निकालेसँगै गएको निर्वाचनमा गठवन्धनका कारण भिनो मतान्तरले हार्न पुगेका पोखरेलले शाहीसँग बदला लिएका छन् ।

तत्कालिन वाम लोकतान्त्रिक गठबन्धनको तर्फबाट कांग्रेस उम्मेदवार बनेका शाहीले उक्त निर्वाचनमा २० हजार एक सय ८३ मत ल्याएका थिए भने पोखरेलले २० हजार ३० मत पाएका थिए । जाजरकोटबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका खड्कबहादुर बुढा विजयी भएका छन् । बुढाले निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का शक्तिबहादुर बस्नेतलाई हराएका छन् । बुढाले २० हजार एक सय ४२ मत प्राप्त गर्दा बस्नेतले १७ हजार चार सय सात मत प्राप्त गरी उपविजेता बने । नेकपा एमालेका डम्बरबहादुर सिंहले १६ हजार आठ सय ८३ मत प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझाए ।

उनी कांग्रेस जाजरकोटका कार्यवाहक सभापति हुन् । कांग्रेसनिकट विद्यार्थी संगठनबाट सक्रिय राजनीतिमा आएका बुढा २०७४ सालमा शिवालय गाउँपालिकाको अध्यक्षमा पराजित बनेका थिए ।

प्रतिनिधिसभाको निर्वाचनमा कालीकोटबाट नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का महेन्द्रबहादुर शाही विजयी भएका छन् । शाही ११ हजार तीन सय ३० मत प्राप्त गरेर निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी नेकपा (एमाले)का नागेन्द्र शाहीले १० हजार दुई सय २२ मत ल्याएका छन् ।

जुम्लाबाट प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानबहादुर शाही विजयी भएका छन् । उनले निकट्तम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार नरेश भण्डारीलाई फराकिलो मतान्तरले पराजित गरेका हुन् । शाहीले १४ हजार आठ सय १६ प्राप्त गरि विजयी हुँदा भण्डारीले ११ हजार ६ सय ३६ मत प्राप्त गरेका छन् । यो उनको दोस्रो जित हो । उनी गएको निर्वाचनमा पनि भारी मतान्तरले विजयी भएका थिए ।

ज्ञानबहादुरको इतिहाँसिक जित

जुम्लामा राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही विजयीले प्रतिनिधिसभा सदस्यमा दोस्रो पटक जित हाँसिल गरेका छन् । २०७९ सालमा निर्वाचित भएका शाही पुनः दोस्रो पटक पनि निर्वाचित भएका हुन् । शाही १४ हजार ८१६ मत प्राप्त गर्दै विजयी भएका छन् ।

शाहीका प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार नरेश भण्डारीले ११ हजार ६३५ मत प्राप्त गरेका हुन् । २०७९ मा २२ हजार ८१९ मत पाएका शाहीले दोस्रो पटक १४ हजार ८१६ मत प्राप्त गर्न सफ भएका हुन् ।

विगतमा प्रतिनिधिसभा सदस्य नदोहोऱ्याउने जुम्लाले यस पटक भने सांसदमा शाहीलाई दोहोऱ्याएको छ । जुम्लामा शाहीले इतिहास रचेका छन् । दुई पटक लगातार प्रतिनिधि सभा सदस्यमा विजय प्राप्त गर्दै शाहीले इतिहास रचेका हुन् । जुम्लामा २०५६ देखि २०७९ सम्मको निर्वाचनमा एक पटक भन्दा कोहि पनि सांसद दोहोरिएका छैनन् ।

नेपाली कांग्रेसका उम्मेदवार दीपबहादुर शाहीले ७ हजार १४३ मत ल्याउदाँ नेकपा एमालेका उम्मेदवार शान्तिलाल महतले ४ हजार ५१८ मत र राष्ट्रिय स्वतन्त्र पार्टीकी विनिता कठायतले ४२१ म्त ल्याएका छन् । नेपाल मजदुर किसान पार्टीले ४००, प्रगतिशिल लोकतान्त्रिक पार्टीले ११३, नेपाल जनता पार्टीले ४३, नेकपा माओवादीले ७० र स्वतन्त्र उम्मेदवार भक्त रावलले १४ प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्तले जानकारी दिए ।

जुम्लाका ७१ हजार ७३९ मतदातामध्ये ४० हजार ८९७ मत खसेको थियो । जसमा महिला तर्फ २१ हजार १८५ र पुरूष तर्फ १९ हजार ७१२ मत खसेको छ । समानुपातिक ४१ हजार ६३१ मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जुम्लामा ५७ प्रतिशत मत खसेको हो । जुम्लामा एक हजार ७०५ मत बदर भएको छ ।

पहिलो प्रयासमै बासनाको संसद यात्रा

४५ वर्षीया कांग्रेस नेतृ बासना थापा पहिलो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी छन् । दैलेख निर्वाचन क्षेत्र-१ मा नेपाली कांग्रेसबाट उम्मेदवार बनेकी बासनाले पहिलो पटक प्रतिनिधिसभाको यात्रा तय गरेकी हुन् ।

शुक्रबार राति सम्पन्न मतगणनाअनुसार आफ्ना निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का रवीन्द्रराज शर्मालाई ५७६ मतान्तरले पराजित गर्दै बासना विजयी भएकी हुन् । बासनाले १२ हजार ३७२ मत प्राप्त गर्दा शर्माले ११ हजार ७९६ मत पाए । यस्तै, तेस्रो स्थानमा रहेका रास्वपाका नन्दकिशोर बस्नेतले ७ हजार ८९४ मत ल्याएका थिए । भने नेपाली कम्युनिस्ट पार्टीका अम्मरबहादुर थापाले जम्मा ४ हजार १०९ मत मात्रै पाए ।

पुराना र अनुभवी नेताहरू रवीन्द्रराज शर्मा र अम्मरबहादुर थापासँग प्रतिस्पर्धा गर्न बासनाका लागि यो चुनाव निकै चुनौतीपूर्ण थियो । त्यस्तै रास्वपाबाट उम्मेदवार बनेका बस्नेतसहित यी तीनै जना नेता कुनै बेला एमालेभित्रका सहकर्मी थिए । अहिले फरक-फरक पार्टीबाट चुनावी मैदानमा उत्रिँदा एमालेको मत विभाजित भएको हो, जसको प्रत्यक्ष फाइदा उठाउन कांग्रेस नेतृ बासना सफल भइन् ।

दैलेख सदरमुकाम स्थित होटेल पार्किङकी सञ्चालक समेत रहेकी बासना २०७४ सालमा नारायण नगरपालिकाको उपप्रमुखमा चुनाव लडेकी थिइन् । तर त्यो बेला भिनो मतले उनी पराजित भइन् । नेविसंघको राजनीतिबाट उदाएकी उनी काठमाडौँमै बाँकी पृष्ठ ४

बालेनको कीर्तिमानी विजय, ओलीको लज्जास्पद हार



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २३ फागुन

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई हराउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह झापा ५ मा विजयी बनेका छन् । ओलीको विरासत भत्काउने क्रममा उनले अहिलेसम्मकै सर्वाधिक मत प्राप्त गरे ।

ओलीले संसदीय चुनावमा पराजय खेपेको यो दोस्रोपटक हो । योभन्दा अघि झापाका विभिन्न क्षेत्रबाट उनले ६ पटक जित हासिल गरेका थिए । २०६४ सालको संविधान सभा चुनावमा माओवादी लहरको शिकार बनेर उनले झापा ७ बाट पराजय व्यहोर्नु परेको थियो ।

२०७९ सालको चुनावमा ओलीले देशभरमै सर्वाधिक मत पाएर जितेका थिए । यसपटक भने ठीक उल्टो भएको छ । प्रतिस्पर्धी रास्वपाका उम्मेदवार बालेनले देशभरमै सर्वाधिक मत ल्याएर ओलीलाई हराएका छन् ।

झापामा १ लाख ६ हजार ३७२ मत खसेकोमा बालेन्द्र साहलाई ६८ हजार ३४८ र ओलीलाई १८ हजार ७३४ मतमा रोकिए ।

उनीहरुबीच ४९ हजार ६ सय १४ मतको अन्तर छ । बालेनले ल्याएको मत अहिलेसम्मको सर्वाधिक हो भने मतान्तर दोस्रो धेरै हो । यसअघि रुपन्देही ३ बाट लेखजंग थापाले ५० हजार मतान्तरले जितेका थिए । यस क्षेत्रमा अन्य सबै उम्मेदवारहरुको जमानत जफत भएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि

९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

प्रतिनिधिसभा बैठकको तयारीमा जुट्यो संसद् सचिवालय


❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २३ फागुन

संघीय संसद् सचिवालय नयाँ संसद्को बैठक राख्ने तयारीमा जुटेको छ ।

संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीका अनुसार गत सोमबार मुख्यसचिव, सुमनराज अर्याल, संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय लगायतले निर्माणाधीन नयाँ संसद् भवनको अवलोकन गरेका थिए ।

अवलोकनपछि जसरी भए पनि चैत पहिलो सातासम्म हल उपलब्ध गराउन भनिएको गिरीले जानकारी दिए । 'चैतको पहिलो सातासम्म अनिवार्य रूपमा भवन दिन आग्रह गरिएको छ', उनले भने । सरकारले 'चैत १ गतेसम्म प्रतिनिधिसभाको बैठक कक्षसहित ६ वटा भवनसहित दिन्छौं' भनेको पनि उनले सुनाए ।



सिंहदरबारभित्रै संसद्को अत्याधुनिक सुविधा सम्पन्न नयाँ भवन निर्माणाधीन छ । सिंहदरबारको पुतली बर्गैंचामा बन्दै गरेको भवन नजिकै राजनीतिक दलहरूका लागि संसदीय दलको कार्यालय राखिएका छन् । संसद् सचिवालय, राष्ट्रिय सभा र प्रतिनिधिसभाका लागि आवश्यक संरचना नजिकै राखिएको छ ।

नयाँ संसद् भवन क्षेत्रको मध्य भागमा भीभीआईपीका लागि प्रवेशद्वार छ । त्यसकै छेउमा कर्मचारी तथा अन्यका लागि प्रवेशद्वार छ । मुख्य गेटबाट प्रवेश गर्ने बित्तिकै प्लाजामा पुगिन्छ । त्यसको एका पट्टी संसद् सचिवालय छ, अर्कोपट्टि प्रतिनिधिसभाको हल छ । सचिवालय र प्रतिनिधिसभाको पछिल्लो भागमा एका पट्टी संसदीय दलको कार्यालय र अर्कोपट्टि राष्ट्रिय सभा छ ।

७०० सिट क्षमताको प्रतिनिधिसभा बैठक कक्ष छ । सभा हल ४०० र बल्कोनीमा ३०० क्षमता छ । राष्ट्रिय सभाको बल्कोनीमा २९० सिट क्षमता छ । ३५० सिट अट्ने संयुक्त लबी छ ।

साना-ठुला गरी १० वटा राजनीतिक दलका लागि संसदीय दलको कार्यालय र बैठक कक्ष बनाइएको छ । प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, दलका प्रमुख सचेतक लगायतलाई अति विशिष्ट कक्ष तयार गरिएको छ । हरेक कार्यकक्षमा २५ सिटको बैठक हलको व्यवस्था गरिएको छ ।

संघीय संसद् परिसरमा पुस्तकालय र क्यान्टिन हुनेछ । नयाँ संसद् भवन क्षेत्रभित्र बर्गैंचा र सानो चौर रहनेछ । प्रेस र छपाइ भवनसहित ७०० वटा सवारी साधन पार्किङ गर्न मिल्ने पूर्वाधारसहित सुरक्षाकर्मीका भवनहरू बनेका छन् । संसद् परिसरमा पानीको फोहोरासहित हरियाली खुला क्षेत्र हुनेछ ।

जेनजी आन्दोलनको प्रतिवेदन प्रधानमन्त्री कार्कीले आज बुझ्ने



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २३ फागुन

भदौ २३ र २४ भएको जेनजी आन्दोलनको प्रतिवेदन भोलि बुझाइने भएको छ ।

पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको आयोगले आइतबार बिहान ११ बजे प्रतिवेदन बुझाउन लागेको प्रधानमन्त्री सुशीला कार्कीका प्रेस सल्लाहकार राम रावलले जानकारी दिए ।

उक्त आयोगको समयावधि पनि आइतबार नै सकिँदैछ ।

जेनजी आन्दोलनको छानबिन गर्नका लागि अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषदले असोज ५ गते उक्त आयोग गठन गर्ने निर्णय गरेको थियो ।

तर त्यसयता उक्त आयोगले जाँचबुझ सकाएको थिएन । यो प्रतिवेदन चुनाव अगावै सार्वजनिक गर्न जेनजी प्रतिनिधि तथा राजनीतिक दलका नेताहरूले माग गर्दै आएका थिए ।

काम नसकिएको बताउँदै आयोगलाई फागुन २४ गतेसम्मका लागि म्याद दिइएको थियो ।

प्रधानमन्त्री कार्कीले पनि यो आयोगको प्रतिवेदन बुझेलगत्तै कार्यान्वयनमा लग्ने बताउँदै आएका छन् ।

पाँच वर्षलाई बन्द हुँदै कम्युनिस्ट नामका यी साना दोकान

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २३ फागुन

फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनले कम्युनिष्ट नामधारी साना पार्टीहरूको दोकान बन्द गराइदिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पछिल्लो मतपरिणामअनुसार नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीबाहेक सबै साना कम्युनिस्ट नामका उम्मेदवारलाई जनताले मतदानमार्फत् अस्वीकृत गरिदिएका हुन् ।

विगतमा २ वटा संसदीय निर्वाचन बहिष्कार गरेको नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले यस निर्वाचनमा गुलाफ चुनाव चिह्न लिएर प्रतिस्पर्धा गरेको थियो । तर, उक्त पार्टीका कुनै पनि उम्मेदवार निकटतम् प्रतिस्पर्धाको तहसम्म आउन सकेनन् ।

त्यस्तै, पछिल्लो समयमा नेकपा (एमाले)बाट बाहिरिएर घनश्याम भुसालको नेतृत्वमा बनेको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)ले यसपटकको निर्वाचनमा हँसिया चुनाव चिह्न लिएर प्रतिस्पर्धा गरेको थियो । उक्त पार्टीका पनि कुनै पनि उम्मेदवारले चुनावी मैदानमा अब्बल देखाउन सकेनन् ।

लामो समयदेखि गिलास चुनाव चिह्न लिएर संसदीय निर्वाचनमा सहभागी जनाउँदै आएको राष्ट्रिय जनमोर्चा यसपटकको निर्वाचनसँगै पाँच वर्षलाई संसद्मा उपस्थिति रहने छैन । उक्त पार्टीका कुनै उम्मेदवारले कुनै निर्वाचन क्षेत्रमा आफूलाई निकटतम् प्रतिस्पर्धाको तहमा उतार्न सकेनन् । त्यस्तै, ०४८ सालदेखि भक्तपुरमा निर्वाचन जित्दै आएको नेपाल मजदुर किसान पार्टीका उम्मेदवार प्रेम सुवाल यसपटकको निर्वाचनमा रास्वपाका उम्मेदवारसँग भारी मतले पराजित भए । उक्त पराजयसँगै अबको संसद्मा सो पार्टीको प्रतिनिधित्व हुने छैन ।

सम्पादकीय


जनमत र जनदिशा स्वीकारौं !

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कर्णाली प्रदेशमा जारी मतगणनाको प्रारम्भिक नतिजाले यहाँका मतदाताको राजनीतिक झुकाव अझै परम्परागत दलतर्फ रहेको संकेत गरेको छ । कर्णालीका अधिकांश निर्वाचन क्षेत्रमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) का उम्मेदवारले अग्रता लिइरहेका छन् । नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने अपेक्षाअनुसार परिणाम ल्याउन सकेको देखिँदैन । देशका विभिन्न भागमा रास्वपाका उम्मेदवारले कडा प्रतिस्पर्धा गरिरहेका बेला कर्णालीमा भने त्यो प्रभाव सीमित देखिएको छ । सुर्खेत-१ का टेकबहादुर सिंह, सुर्खेत-२ का रमेश कुमार सापकोटा र दैलेख-१ का नन्दकिशोर बस्नेत, सल्यान १ मा ललित बहादुर चन्द बाहेक अधिकांश क्षेत्रमा रास्वपा उम्मेदवार उल्लेख्य प्रतिस्पर्धामा देखिएका देखिएनन् । तर सुर्खेत-२ मा सापकोटा उम्मेदवार सापकोटाले विजयी भएपनि अन्य उम्मेदवारको राम्रो केज देखिएन । यस अवस्थालाई केवल चुनावी परिणामको रूपमा मात्र होइन, कर्णालीको राजनीतिक संरचना र सामाजिक यथार्थसँग जोडेर बुझ्न आवश्यक छ ।

कर्णालीमा पुराना दलहरूको संगठनात्मक संरचना गाउँ-गाउँसम्म फैलिएको छ । दशकौंदेखि स्थापित स्थानीय नेतृत्व, कार्यकर्ता सञ्जाल र राजनीतिक सम्बन्धले मतदातामाथि प्रभाव पारिरहेको छ । यसले चुनावी परिणाममा प्रत्यक्ष प्रभाव पार्नु स्वाभाविक नै हो । अर्को महत्त्वपूर्ण पक्ष उम्मेदवारको स्थानीय पहिचान र पहुँच हो । कर्णालीका धेरै मतदाताले लामो समयदेखि आफ्नो क्षेत्रमा सक्रिय, परिचित र सहज रूपमा भेटघाट हुने उम्मेदवारलाई प्राथमिकता दिने प्रवृत्ति देखिन्छ । नयाँ दलका उम्मेदवारहरूले राष्ट्रिय स्तरमा चर्चा पाए पनि स्थानीय स्तरमा निरन्तर सम्पर्क र संगठन विस्तार गर्न पर्याप्त समय पाएका छैनन् । यही कारण उनीहरू ग्रामीण तथा दुर्गम क्षेत्रमा प्रभाव विस्तार गर्न संघर्षरत देखिन्छन् । यसका साथै कर्णालीको सामाजिक संरचना पनि चुनावी परिणाममा प्रभाव पार्ने पक्ष हो । यहाँ अझै पनि परिवार र समुदायको सामूहिक निर्णयले मतदान व्यवहारलाई प्रभाव पार्ने गरेको पाइन्छ । विदेश वा देशका अन्य शहरमा रहेका युवाहरूको राजनीतिक झुकाव फरक भए पनि अन्ततः मतदान गर्ने परिवारजनले परम्परागत दललाई रोज्ने अवस्था पनि देखिन्छ । यस्तो सामाजिक यथार्थले नयाँ राजनीतिक शक्तिका लागि चुनौती थपिएको छ । तर यसलाई नयाँ दलको पूर्ण असफलताका रूपमा मात्र बुझ्नु उचित हुँदैन । राष्ट्रिय स्वतन्त्र पार्टीले छोटो समयमै राष्ट्रिय राजनीतिमा उपस्थिति जनाएको छ । कर्णालीमा पनि समानुपातिकतर्फ सम्मानजनक मत प्राप्त हुने अनुमान गरिएको छ । यदि यस मतलाई संगठन विस्तारको आधारका रूपमा उपयोग गर्न सकियो भने आगामी निर्वाचनमा नयाँ राजनीतिक समीकरण देखिन सक्ने सम्भावना पनि रहन्छ ।

निर्वाचन लोकतन्त्रको मूल आधार हो । मतदाताले आफ्नो विवेक प्रयोग गरेर प्रतिनिधि चयन गर्ने प्रक्रिया नै लोकतान्त्रिक अभ्यासको सार हो । त्यसैले चुनावी परिणाम जसको पक्षमा आए पनि सबै दल र उम्मेदवारले जनमतलाई सम्मान गर्नुपर्छ । हारलाई आत्मसमीक्षाको अवसर र जितलाई जनसेवाको जिम्मेवारीका रूपमा लिनु नै स्वस्थ लोकतान्त्रिक संस्कार हो । अहिले कर्णालीका अधिकांश जिल्लामा मतगणना जारी छ भने केही दुर्गम स्थानमा मतपेटिका ढुवानीका कारण गणनामा ढिलाइ भएको छ । अन्तिम परिणाम आउन अझै केही समय लाग्ने भए पनि प्रारम्भिक नतिजाले कर्णालीमा परम्परागत राजनीतिक शक्तिको प्रभाव अझै कायम रहेको स्पष्ट संकेत दिएको छ । तर लोकतन्त्र स्थिर र स्थायी हुने प्रक्रिया होइन; यो निरन्तर परिवर्तनशील अभ्यास हो। आजको परिणामले भोलिको राजनीतिक दिशालाई पूर्ण रूपमा निर्धारण गर्दैन । नयाँ दलहरूले संगठन सुदृढ गर्दै जनतासँग निरन्तर सम्पर्क बढाए भने आगामी दिनमा मतदाताको मनोविज्ञान पनि परिवर्तन हुन सक्छ । त्यसैले अहिलेको सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको जनताको निर्णयलाई सहज रूपमा स्वीकार गर्नु हो । लोकतन्त्रमा अन्ततः जनमत नै सर्वोच्च हुन्छ। जनताले देखाएको यही जनदिशालाई सम्मान गर्दै सबै राजनीतिक शक्ति अगाडि बढ्नु नै समयको माग हो ।

रास्वपाको उदयले भत्काइदियो गढ, सकाइदियो ठूला दलको सिन्डिकेट



"पुराना दलको विरासत, सिन्डिकेट र गढ भत्काएर २०४८ सालयता पहिलोपटक रास्वपा दुईतिहाइको शक्तिशाली जनमतसहित उदाउँदै छ। कांग्रेस, एमाले र नेकपा ठूलाबाट उस्तै, उत्रै र औसत शक्तिहीन दलमा सीमित हुँदै छन् !

✍ रमेश सापकोटा

२१ फागुनमा भएको प्रतिनिधिसभाको निर्वाचन परिणामले पर म्परागत दलको नाममा रहेको ठूला दलको भाष्यलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नराम्रो गरी छिनाईदिएको छ। २०७९ को निर्वाचनबाट मात्रै उदाएको रास्वपाले कांग्रेस, एमाले र माओवादी (अहिले नेकपा)को वर्षौंदेखिको ठूला दलको ताज खोसिदिएको छ।

२०४८ सालयता यिनै दलबीच निरन्तर सत्ताको 'म्युजिकल चेयर' निरन्तर चलिरह्यो । कांग्रेस, एमाले, माओवादी, राप्रपादेखि मधेशवादी दलको ठूला र क्षेत्रीय शक्तिका रूपमा यिनै रहे । तर, जनता जागेपछि ६ वटा निर्वाचनबाट बनेको ठूला दलको विरासत धूमिल बनेको छ। दलका नाममा परम्परागत विरासत, गढ, पकड गर्लम्मै ढल्न पुगेका छन् ।

जनता एकलौटी भोट रास्वपाका उम्मेदवारलाई खन्याइदिँदा दलहरूको आलोपालोको सिन्डिकेटको चेन टुटेको छ। परम्परागत दलको शहर बजार, तराई मधेश, पहाडका बजार क्षेत्रदेखि ग्रामीण भेगसम्म रास्वपाका उम्मेदवारले सानदार मत ल्याएर चुनाव जितेका छन्। केही उम्मेदवार भारी मतान्तरले जित्ने बाटोमा छन्।

परम्परागत दलहरूले कहिल्यै चुनाव नहारेका क्षेत्रलाई यसपटक रास्वपाका सामान्य उम्मेदवारले भत्काइदिए। काठमाडौं उपत्यकाका १५ वटै सिट रास्वपाले क्लिन स्वीप गरेको छ। काठमाडौंका १० वटै क्षेत्रमा रास्वपाका उम्मेदवारको जित सनसनीपूर्ण देखिएको छ। यी क्षेत्रमा ७ देखि ३० हजार बढीको मतान्तरले रास्वपाका उम्मेदवार विजयी भएका छन्।

कम्युनिस्ट र कांग्रेसका परम्परागत गढमा रास्वपाका लो प्रोफाइलका उम्मेदवार भारी मतान्तरले विजयी भएका छन्। कम्युनिस्ट किल्ला र नेवार समुदायका मात्रै उम्मेदवार जित्ने गरेका ललितपुर २ मा खस आर्य समुदायबाट रास्वपाका जगदीश खरेलले भारी मतान्तरले जित्दै छन्। नेपाल मजदुर किसान पार्टीको एकल प्रभाव रहेको भक्तपुरमा यसपटक मादल बजेन। नेमकिपाको गढ रास्वपाका रुकेश रञ्जितले ढाल्दिएका छन्। ५ हजारभन्दा बढी मतान्तरले रास्वपाका उम्मेदवार विजयी भएका छन्।

कांग्रेस एमालेको बलियो पकड रहेको झापामा पनि रास्वपा क्लिन स्वीपको बाटोमा छ। झापा ५ बाट बालेन शाहले एमाले अध्यक्ष केपी ओलीलाई भारी मतले पराजित गर्ने बाटोमा अगाडि बढेका छन्। मोरङका छवटै निर्वाचन क्षेत्र रास्वपाले जित्दै छ।

छिन्यो पुराना र क्षेत्रीय दलको भाष्य

शहर, बजार, गढ भत्काएको रास्वपाले मधेश प्रदेश रौतहट २ बाहेक लगभग ३१ वटै सिटमा प्रभाव देखाएको छ। धनुषा- १ मा मात्रै मतगणना सुरु भएको छैन। पर्सा- १, २, बारा- ४, धनुषा- ३ मा रास्वपाका भारी मतान्तरले अगाडि छन्। कांग्रेस सभापति गगन थापा पनि सर्लाही ४ मा निरन्तर पछाडि परेका छन्। उनी ६ हजार मतान्तरले पछाडि परेका छन्।

कांग्रेस, एमाले र नेकपाका सत्ता सहयोग मधेशमा क्षेत्रीय प्रभाव भएकै भूगोलमा रास्वपाको सिकार भएका छन्। ठूला दलका नेतासमेत हारेको चुनावमा क्षेत्रीय दलका उम्मेदवार झन् रक्षात्मक बन्न पुगेका छन्।

मधेशका क्षेत्रीय दलको जातीय मत, चुनावमा साहुकार र महाजनबाट प्रभावित हुने राजनीतिले पनि यसपटक कुनै काम गरेन । परम्परागत बलिया गढमै नेताहरू पराजयको डिलमा पुगेका छन्।

मधेश प्रदेशमा प्रभाव रहेका जसपा नेपालका उपेन्द्र यादव, जनमतका सीके राउत पनि हार्ने अवस्थामा पुगेका छन्। मधेशमा प्रभाव जमाएका राजेन्द्र महतो, महिन्द्रराय यादव, कांग्रेसका विमलेन्द्र निधि, फरमुल्लाह मन्सुर, महेन्द्र यादव, रमेश रि जालसहितका नेता यसपटक आफ्नै क्षेत्रमा नराम्ररी खुम्चिन पुगेका छन्। पूर्वप्रधानमन्त्री माधव नेपालको समेत यसपटक रौतहटमा केही चलेन । एमालेका रघुवीर महासेठ, जुली महतोदेखि, नेकपाका नारायणकाजी श्रेष्ठ, गिरिराजमणि पोखरेलको चुनावी राजनीति पनि मधेशको यसपटकको परिणामले संकटमा पारिदिएको छ।

हिमाली र कम मतदाता रहेका क्षेत्रमा कांग्रेस एमाले

रास्वपाले शहरी, बढी मतदाता भएका क्षेत्रमा जित्दा कांग्रेस-एमाले हिमाली र कम मतदाता भएको क्षेत्रमा मात्रै जित्न पुगेका छन्। शीर्ष नेतामध्ये नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्व पुगेर सुरक्षित भए । पुराना दलमा कांग्रेसले मनाङ, मुस्ताङ, रसुवाजस्ता हिमाली क्षेत्रमा चुनाव जित्यो। यी तीनै क्षेत्र कम मतदाता रहेको र यसअघि उम्मेदवारका विशेष प्रभाव भएका क्षेत्र हुन्। यीबाहेक कांग्रेसका सन्तोष सुब्बाले तेह्रथुममा २०७९ सालमा जितेको क्षेत्र यसपटक जोगाए। २०७० सालपछि पहिलोपटक आफ्नै उम्मेदवारलाई भोट हाल्न पाएपछि दैलेख- १ बाट कांग्रेसकी वासना थापा विजयी भइन्। डोटीबाट भरतबहादुर खड्का विजयी हुन पुगे। अहिलेसम्मका कांग्रेसका यी ६ जित शहरी धेरै मतदाता भएको क्षेत्रमा होइन।

एमालेबाट बाँके- २ मा मोहम्मद इस्तियाक राई र बझाङ- १ बाट ऐनबहादुर महर मात्रै विजयी भएका छन्। यी क्षेत्र पनि राईको जातीय मत प्रभाव र बझाङ पहाडी क्षेत्र हो।

यसअघिका हरेक चुनावपछि कांग्रेस र एमाले आलोपालो ठूलो दलको रूपमा रहन्थे। २०६४ सालमा एकपटक ठूलो दल बनेयता माओवादी तेस्रो शक्तिका रूपमा रह्यो। राप्रपा र मधेशी दल सहयोगी शक्तिको रूपमा रहे। तर रास्वपाको पक्षमा अभूतपूर्व लहर देखिँदा पुराना शक्तिको हैसियत समान देखिएको छ। रास्वपा दुईतिहाइनजिक पुग्दा दोस्रो, तेस्रो र चौथो शक्तिमा कांग्रेस, एमाले र नेकपाबीच होडबाजी छ। २०४८ सालयता रास्वपा दुईतिहाइको शक्तिशाली दलको रूपमा उदाउँदै छ। तर पहिलोपटक कांग्रेस, एमाले र नेकपा हैसियत ठूला र सानाबाट उस्तै र उत्रै र औसत शक्तिहीन दलको सीमित हुँदै छन् । गम्भीर संकटमा दलको नेतृत्व

यसअघिका २०४८ देखि २०७९ सालसम्मका निर्वाचनमा कांग्रेस, एमाले, माओवादी, राप्रपा, मधेशवादी दलहरूबीच आलोपालो सत्ता राजनीति चलेको थियो। यिनै दलले ३५ वर्षमा ३० वटा सरकार चल्दा कांग्रेस, एमाले, माओवादी र राप्रपाबाट मात्रै २८ पटक सरकारको नेतृत्व भयो।

२०४६ सालपछि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, शेर बहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, झलनाथ खनाल, केपी शर्मा ओली प्रधानमन्त्री भए। २०६९ मा प्रधानन्यायाधीश खिलराज रेग्मी र २०८२ सालमा सुशीला कार्कीको नेतृत्वमा सरकार बन्नेबाहेक सधैं दलीय नेतृत्वमा सरकार बन्न पुगे।

आपसमै मिल्ने, नभए अर्को सरकारमा जानेदेखि पहिलो र दोस्रो ठूलो दल कांग्रेस र एमाले मिलेरसमेत सरकार बनाउने विकृति यही बीचमा देखापरे। पछिल्लो कांग्रेस एमालेले मिलेर सरकार बनाएकै बेलामा भदौ २३ र २४ को जेन-जी विद्रोह हुन पुग्यो। सोही जेन-जी विद्रोहको रापतापमा भएको २१ फागुनको निर्वाचनबाट रास्वपा बहुमतभन्दा पनि दुईतिहाइनजिक पुगेको छ। जितेका ३६ र लगभग जित्ने पक्का भएका ८३ गरी रास्वपा प्रत्यक्षमा १२० सिट जित्ने बाटोमा छ। अग्रता लिएका क्षेत्र लगभग शतप्रतिशत जित्ने स्थितिमा छ। समानुपातिकतर्फ पनि ६४ सिट जित्न सके रास्वपाले दुई तिहाइ मत ल्याउनेछ। समानुपातिकको मतगणनाको रुझानले रास्वपाले ११० मा ६० सिट माथि जित्ने देखिएको छ।

२०४८ सालयता पुराना दलको विकल्पमा सरकारमा दुईतिहाइ हाराहारीको नेतृत्व गर्ने अवसर बालेन साहले पाउँदै छन्। निर्वाचनपूर्व नै रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको थियो।

यसरी २०४८ सालयता सत्ता राजनीतिमा पुरानो दलको म्युजिकल चेयर चेन यसपटकबाट निर्वाचनबाट चुक्यो। जसको परिणाम मुलुकले नयाँ प्रधानमन्त्रीका रूपमा ३५ वर्षका बालेन साहलाई पाउँदै छ। जुन परम्परागत दलको सत्ता र शक्तिको र जनीतिक सिफ्ट हुँदै गरेको अवस्था हुनेछ।

अर्कोतिर वर्षौंसम्म आन्तरिक नेतृत्वको विकास नगरेको प्रश्नबाट पुराना दलहरू झन् घेरिएका छन्। निर्वाचनको मुखैमा कांग्रेसले विशेष महाधिवशेनबाट नेतृत्व फेर्‍यो। तर, फेरिएको नेतृत्वसँगसमेत मतदाता सन्तुष्ट हुन सकेनन्। सभापति गगन थापा नै निर्वाचन हार्ने सँघारमा पुगेका छन्। उनको कार्यसमितिका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेसहितका पदाधिकारीदेखि सिनियर कुनै पनि नेताले यसपटक चुनाव जितेनन्। निर्वाचन लडेका विमलेन्द्र निधिदेखि शेखर कोइरालासम्मको हार सर्मनाक रहन पुग्यो। मोरङ ६ मा शेखरले ४२ हजार ६६३ मतान्तरले पराजित हुन पुगे।

निर्वाचन लडेका पूर्वसभापति शेरबहादुर देउवानिकटका नेताहरू विमलेन्द्र निधि, डा. प्रकाशशरण महत, एनपी साउद, ज्ञानेन्द्रबहादुर कार्कीसहितका थुप्रै उम्मेदवार पराजित हुन पुगे। यसअघि आफ्नो क्षेत्रमा प्रभावशाली पकड भए पनि यसपटक यी उम्मेदवारले निर्वाचन जितेनन्। विशेषबाट आएको होस् कि असन्तुष्ट पूर्वसंस्थापन होस्, यसपटक कांग्रेसको अपिलले कुनै काम गरेन।

एमालेमा ओलीदेखि उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, गोकर्ण विष्टदेखि प्रदीप ज्ञवालीसम्म कुनै पनि नेता चुनाव जित्न सकेनन्। रास्वपासँग सबैभन्दा फराकिलो मतान्तरले पराजित हुनेमा एमालेका विष्णु पौडेल, कांग्रेसका शेखर कोइराला र विमलेन्द्र निधि छन्। त्यसैले चुनावअघि नेतृत्व परिवर्तन गरेका कांग्रेस र एमालेको नेतृत्वमाथि गम्भीर प्रश्न उठेको छ। पार्टी हार को नैतिक जिम्मेवारीले मात्रै यी दलमा देखिएको प्रश्न अन्त्य हुने अवस्था देखिएको छैन। एकातिर घण्टी छाप, अर्कोतिर अर्कोतिर कांग्रेस, एमाले र नेकपाको पत्तासाफको स्थिति पछिल्लो निर्वाचन परिणामले देखाएको छ।

जीवनशैली

केही परिकार, जुन विश्वभर लोकप्रिय छन्

विश्वभरका स्वादका पारखीहरूबीच बारम्बार चर्चा हुने केही खानेकुरा छन्, जसले देश, भाषा र संस्कृतिको सिमाना पार गरेर सबैको मन जितेका छन्।

विभिन्न अन्तर्राष्ट्रिय स्रोत जस्तै, टेस्टएट्लास, सीएननहरूले गरेको सर्वेक्षणमा बारम्बार शीर्ष स्थानमा देखिने यी परिकारहरू केवल खाना मात्र होइनन्, आफ्ना देशको इतिहास, परम्परा र जीवनशैली बोकेका सांस्कृतिक धरोहर हुन्।

इटालीको पिज्जा, पास्तादेखि जापानको सुशी, अमेरिकाको ह्याम्बर्गर, मेक्सिकोको टाकोस र भियतनामको फो परिकार विश्वभर प्रायः सबैले चिनेका र कुनै न कुनै रूपमा स्वाद लिएका छन्।

यी खानेकुराहरू फरक-फरक रूप र स्वादमा सडक किनारका साना स्टलदेखि पाँचतारे होटलसम्म पाइन्छन्।

१. **पिज्जा (इटाली)**

संसारभरका मानिसको जिब्रोलाई लोभ्याउने परिकार हो, पिज्जा । तातो-तातो पिज्जाबाट आउने सुगन्धले नै यसको पारखीहरुमा भोकले जगाउँछ।

साथीभाइसँग भेटघाट होस् वा परिवारसँगको समय पिज्जा धेरैको पहिलो रोजाई हुन्छ । साधारण मार्गेरिटादेखि विभिन्न टपिङयुक्त विकल्पसम्म, पिज्जा सबै उमेरका मानिसको रुचिको परिकार बनेको छ।

पिज्जा उत्पति इटालीको नेपल्स शहरबाट भएको मानिन्छ। सुरुमा पिज्जा विपन्न परिवारको साधारण खाना थियो, रोटीमाथि टमाटर र सानो चिज राखेर बनाइन्थ्यो।

सन् १८८९ मा एक पिज्जा बनाउने व्यक्तिले इटालीकी रानी मार्गेरिटाको सम्मानमा रातो टमाटर, सेतो चिज र हरियो बेसिल राखेर विशेष पिज्जा बनाए। त्यसपछि यो झन् चर्चित भयो।

दोस्रो विश्वयुद्धपछि यो अमेरिका पुग्यो र त्यहाँबाट विश्वभर फैलियो।

पिज्जाको स्वाद कस्तो ?

पातलो र नरम बेसमाथि हल्का अमिलो टमाटर सस लगाइन्छ । माथि राखिएको मोजारेला चिज पग्लिएर तानिन्छ, जसले खाँदा मजा दिन्छ।

तुलसीको हल्का सुगन्ध र जैतूनको तेलले थप स्वाद दिन्छ । तातो-तातो पिज्जा खाँदा बाहिर हल्का क्रन्ची र भित्र नरम अनुभव हुन्छ । अहिले मासु, तरकारी, मशरूमदेखि अनेकौं टपिङ हालेर बनाइन्छ।

२. **सुशी (जापान)**

जापानको चर्चीत परिकार हो, सुशी । परिकार जापानी भए पनि अहिले विश्वभर लोकप्रिय छ । सुरुमा माछा बचाइराख्न चामलसँग राख्ने चलन थियो।

पछि चामल र ताजा माछासँगै खाइने परिकार बनेको हो । समयसँगै सुशी सजिलो र छिटो खाने स्ट्रीट फुडको रूपमा विकास भयो । अहिले साना रेस्टुरेन्टदेखि ठूला होटलसम्म सुशी पाइन्छ।

सुशीको स्वाद कस्तो ?

सुशीको स्वाद ताजापनमा आधारित हुन्छ । भिनेगर मिसाइएको चामल हल्का अमिलो र मिठो हुन्छ । माथि राखिएको काँचो माछा नरम र रसिलो हुन्छ। सोया ससमा हल्का डुबाएर खाँदा नुनिलो स्वाद आउँछ। वासाबीले नाकसम्म पुग्ने तिखोपन दिन्छ भने अचार गरिएको अदुवाले मुख सफा गर्छ।

केही रोलहरूमा एभोकाँडो वा काँक्रा राखिन्छ, जसले क्रिमी र कुरकुरे स्वाद थप्छ । सुशी पेट हल्का तर सन्तुष्टि दिने खानेकुरा भएकोले धेरैको रोजाइमा पर्छ।

३. **ह्याम्बर्गर (अमेरिका)**

ह्याम्बर्गर अमेरिकाको सबैभन्दा लोकप्रिय फास्ट फुड हो । यसको नाम जर्मनीको ह्याम्बर्ग शहरबाट आएको भए पनि आजको स्वरूप अमेरिकामा विकास भएको हो । मासुको गोलो टुक्रा रोटीको बीचमा राखेर सजिलै खान मिल्ने भएकाले यो छिट्टै लोकप्रिय भयो। ठूला फास्ट फुड चेनहरूका कारण यो विश्वभर फैलियो।

ह्याम्बर्गरको स्वाद कस्तो ?

राम्रो ह्याम्बर्गरमा हालिने रसिलो मासुको प्याटी मुख्य आकर्षण हुन्छ। ग्रिल गर्दा आउने धुवाँजस्तो सुगन्धले भोक बढाउँछ । टोस्ट गरिएको बन हल्का कुरकुरे हुन्छ।

पग्लिएको चिज नरम र क्रिमी हुन्छ। लेटुस र टमाटरले ताजापन दिन्छ भने ससले मिठो-तिखो स्वाद थप्छ। एक टोकाइमै मासुको रस, चिजको नरमपन र तरकारीको क्रन्च मिसिन्छ।

अहिले चिकेन, भेग र पनिर बर्गर पनि पाइन्छन्। सजिलो, पेटभर र स्वादिलो भएकाले ह्याम्बर्गर सबै उमेरका मानिसले मन पराउँछन्।

विश्व

नेपाली जनता र सरकारलाई बधाइ दिँदै मोदीले भने- ऐतिहासिक कोशेढुंगा



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा हालै सम्पन्न निर्वाचनको सफलताका लागि नेपाली जनता र सरकारलाई बधाई दिएका छन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो सन्देश जारी गर्दै उनले नेपालको लोकतान्त्रिक यात्रामा यसलाई एउटा 'ऐतिहासिक कोशेढुंगा' को संज्ञा दिएका छन्।

प्रधानमन्त्री मोदीले लेखेका छन् , 'नेपालमा सफलतापूर्वक र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकोमा म त्यहाँका जनता र सरकारलाई हार्दिक बधाई दिन्छु । मेरा नेपाली दिदीबहिनी र दाजुभाइहरूले आफ्नो लोकतान्त्रिक अधिकारको यति जीवन्त प्रयोग गरेको देख्दा निकै खुसी लागेको छ।'

उनले यस उपलब्धिलाई नेपालका लागि गौरवको क्षण बताउँदै भारत एक घनिष्ठ छिमेकीका नाताले नेपालको नयाँ सरकारसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको उल्लेख गरेका छन्।

साझा शान्ति, प्रगति र समृद्धिको नयाँ उचाइ हासिल गर्न भारत सदैव नेपालको साथमा रहने प्रतिबद्धता पनि उनले दोहोऱ्याएको छन्।

प्रत्यक्ष चुनाव जित्ने पूर्वपत्रकारहरू



काँक्रेविहार संवाददाता
काठमाडौं, २३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बनेका अधिकांश पूर्वपत्रकार निर्वाचित भएका छन् । केही विजयको सङ्घारमा छन् ।

निर्वाचित हुने अधिकांश पार्टी सभापति रवि लामिछानेसँगै ग्यालेक्सी फोर के टेलिभिजनमा काम गरेका सहकर्मी हुन् ।

सभापति लामिछाने ग्यालेक्सी फोर के टेलिभिजनको कार्यक्रम सिधा कुराका प्रस्तोता थिए । त्यसअघि उनी न्युज ट्वान्टी फोरमा सोही कार्यक्रम चलाउँथे ।

टेलिभिजन प्रस्तोता छाडेर उनी राजनीतिमा होमिएका थिए । सिधा कुराकै निर्माताका रूपमा रहेका दीपक बोहरा पनि रविसँगै राजनीतिमा क्रियाशील भएका थिए । बोहरा कञ्चपुर-२ बाट विजयउन्मुख छन् । उनले नेपाली कांग्रेसका नारायणप्रकाश साउदलाई धेरै मतान्तरले पछि पारेका छन् ।

ग्यालेक्सी टेलिभिजनकै पूर्व क्रिएटिभ डाइरेक्टर रहेका विपिनकुमार आचार्य दाङ-२ बाट निर्वाचित भएका छन् । उनले नेकपा एमालेका महासचिव शंकर पोखरेललाई पराजित गरेका हुन् । उनी पनि रास्वपाका संस्थापक हुन् । उनी हाल रास्वपाको सहमहामन्त्रीको भूमिकामा पनि छन् ।

ग्यालेक्सी टेलिभिजनमै काम गरेका ज्ञानेन्द्र महता कञ्चनपुर-३ बाट विजयउन्मुख छन् । उनी ग्यालेक्सी टेलिभिजनको कञ्चनपुर संवाददाता थिए ।

ग्यालेक्सी टेलिभिजनकै गण्डकी ब्यूरो प्रमुख उत्तम पौडेल कास्की-२ बाट निर्वाचित भएका छन् । उनले एमालेका रश्मी आचार्यलाई पराजित गरे ।

ग्यालेक्सी टेलिभिजनकै पूर्वपत्रकार प्रकाश पाठक झापा-३ बाट विजयोन्मुख छन् । उनले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनलाई पछि पारिरहेका छन् ।

ग्यालेक्सी टेलिभिजनकै पूर्वपत्रकार बिनिता कठायत जुम्लाबाट उम्मेदवार बनेकी थिइन् । उनी भने निकै पछि छन् । जुम्लामा राप्रपाका ज्ञानेन्द्र शाहीले अग्रता लिइरहेका छन् ।

यसबाहेक ग्यालेक्सीमै कार्यरत पूर्वपत्रकार प्रमोद न्यौपाने समानुपातिकको बन्द सूचीमा छन्, । त्यस्तै बन्द सूचीमा रहेका प्रतिभा रावल, क्रान्तिशिखा धिताल, रमेश प्रसाईं पनि पूर्वग्यालेक्सीकर्मी नै हुन् ।

त्यसो त रास्वपाबाट यो निर्वाचनमा अरू पनि उम्मेदवार थिए । यसअघि सांसद रहेका मनिष झा पत्रकारिता पृष्ठभूमिकै हुन् । उनी धनुषा-३ बाट निर्वाचित भइसकेका छन् । न्युज ट्वान्टीफोरका पूर्व पत्रकार राजीव खत्री भक्तपुर-२ बाट निर्वाचित भएका छन् ।

यसअघि सांसद रहेकी निशा डाँगी पनि पत्रकारिता पृष्ठभूमिकै हुन् । उनी पनि अहिले झापा-१ बाट प्रत्यक्षतर्फ उम्मेदवार छिन् । उनी जितउन्मुख छिन् ।

मोरङ-४ बाट निर्वाचित सन्तोष राजवंशी पनि पत्रकारिता पृष्ठभूमिकै हुन् । उनले नेपाली कांग्रेसका महामन्त्री गुरूराज घिमिरेलाई पराजित गरेका थिए ।

इतिहासमै सबैभन्दा ठूलो मतान्तरले जिते रास्वपाका लेखजंगले

काँक्रेविहार संवाददाता
बुटवल, २३ फागुन

रूपन्देही क्षेत्र नं ३ मा रास्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का डा. लेखजंग थापाले ५० हजार भन्दा धेरै अन्तरले निर्वाचन जितेका छन् ।

थापाले आफ्ना प्रतिसपर्धी नेपाली कांग्रेसका सुशील गुरूङलाई ५० हजार ३७९ मतले पछि पारेका हुन् । यो नेपालको संसदीय निर्वाचनको इतिहासमै अहिलेसम्मको ठूलो अन्तर हो ।

थापाले ५८ हजार ८१४ मत ल्याउँदा अन्य दलका सबै उमेदवारले १० हजारभन्दा कम मत ल्याएका छन् । थापाका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका गुरूङले ८ हजार ४३५ मत ल्याएका छन् । तेस्रोमा रहेका एमालेका बासुदेव घिमिरेले ८ हजार २७५ मत ल्याएका छन् । राप्रपाका गौरब बोहराले ७ हजार ७८९ मत ल्याएका छन् ।

रास्वपाले रुपन्देहीका ५ क्षेत्रमध्ये तीन क्षेत्रमा विजय हासिल गरिसकेको छ भने क्षेत्र नं १ र ५ मा रास्वपाका उमेदवारहरुले फराकिले अग्रता लिएका छन् ।

रास्वपाका यी उम्मेदवार जो विशाल मतान्तरले निर्वाचित भए



काँक्रेविहार संवाददाता
काठमाडौं, २३ फागुन

प्रतिनिधि सभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उत्साहप्रद नतिजा ल्याएको छ । रास्वपाका कैयौं उम्मेदवार विशाल मतान्तरका साथ निर्वाचित भएका छन् भने कैयौंले निरन्तर अग्रता बढाइरहेका छन् ।

अहिलेसम्म निर्वाचित भएकामध्ये २० हजारभन्दा बढी मतान्तरको जित हासिल गरेका रास्वपाका उम्मेदवारबारे यहाँ चर्चा गरिएको छ ।

रुपन्देही-३ मा रास्वपाका डा. लेखजंग थापा पनि विशाल मतान्तरले निर्वाचित हुनेमा पर्छन् । उनी ५८ हजार ८१४ मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका सुशील गुरुङ ८ हजार ४३५ मतमा सीमित भए । थापा र गुरुङबिचको मतान्तर ५० हजार ३७९ छ ।

रुपन्देही-२ मा रास्वपाका सुलभ खरेल ५६ हजार ५५० मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी नेकपा एमालेका विष्णुप्रसाद पौडेलले १२ हजार ८६१ मतमात्र पाए । खरेल र पौडेलबिच ४३ हजार ६८९ छ ।

यसैगरी मोरङ क्षेत्र नम्बर ६ मा रास्वपा उम्मेदवार रुबिना आचार्य पनि अत्यधिक मतान्तरले निर्वाचित हुनेमा पर्छन् । आचार्य ५५ हजार ५१३ मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका डा. शेखर कोइराला १२ हजार ८५० मतमा सीमित भए । आचार्य र कोइरालाबिचको मतान्तर ४२ हजार ६६३ छ ।

रास्वपाका सभापति रवि लामिछाने चितवन-२ बाट ५४ हजार ४०२ मतसहित निर्वाचित भए । उनका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसकी मिना कुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गरिन् । लामिछाने र खरेलबिचको मतान्तर ३९ हजार ८३८ छ ।

विशाल मतान्तरले निर्वाचित हुने रास्वपा उम्मेदवारमा सोविता गौतम पनि पर्छिन् । चितवन-३ मा उनी ५९ हजार २७७ मतसहित निर्वाचित हुँदा उनकी निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टीकी रेनु दाहाल २० हजार ६१५ मतमा सीमित भइन् । सोविता र रेनुबिच ३८ हजार ६६२ मतको अन्तर छ ।

यस्तै काभ्रेपलाञ्चोक-२ मा रास्वपाका बदनकुमार भण्डारी ५३ हजार ३४४ मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी मधुप्रसाद आचार्य १७ हजार ८६८ मतमा सीमित भए । भण्डारी र आचार्यबिचको मतान्तर ३५ हजार ४७६ छ ।

सर्लाही क्षेत्र नम्बर १ मा रास्वपाकी नितिमा भण्डारी (कार्की) ४४ हजार १८१ मतसहित निर्वाचित भइन् । दोस्रो स्थानमा रहेका नेपाली कांग्रेसका शम्भुलाल श्रेष्ठ ७ हजार ८७१ मतमा सीमित रहे । यी दुई उम्मेदवारबिच ३६ हजार ३१० मतको अन्तर छ ।

सर्लाही-२ मा रास्वपाकै रबिन महतो ४२ हजार ५१२ मतसहित निर्वाचित हुँदा नेपाली कम्युनिस्ट पार्टीका महिन्द्र राय यादव ८ हजार ५२३ मतमा सीमित भए । महतो र यादवबिच ३३ हजार ९८९ मतको अन्तर छ ।

धनुषा-३ मा रास्पाका मनिष झा ४३ हजार ९८८ मतसहित निर्वाचित भए । उनका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका विमलेन्द्र निधि १६ हजार ६५२ मतसहित दोस्रो स्थानमा रहे । झा र निधिबिचको मतान्तर २७ हजार ३३६ छ ।

दाङ क्षेत्र नम्बर २ मा रास्वपाका उम्मेदवार विपिन कुमार आचार्यले नेकपा एमालेका हेभीवेट मानिएका शंकर पोखेललाई स्तब्ध तुल्याए । आचार्य ४३ हजार ८२२ मतसहित निर्वाचित हुँदा पोखेलले १५ हजार ५५८ मत प्राप्त गरे । आचार्य र पोखेलबिच २८ हजार २६४ मतान्तर छ ।

भक्तपुर-२ मा रास्वपाका राजीव खत्री ४२ हजार ३३४ मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी महेश बस्नेत १० हजार ९९६ मतसहित दोस्रो स्थानमा रहे । यी दुई बिच ३१ हजार ३३८ मतको अन्तर छ ।

बारा-४ मा रास्वपाका रहबर अन्सारी ४१ हजार २०० मतसहित निर्वाचित हुँदा उनका मुख्य प्रतिस्पर्धी नेकपाका कृष्णकुमार श्रेष्ठ ११ हजार ६३९ मतसहित दोस्रो स्थानमा रहे । यी दुईबिच २९ हजार ५६१ मतको अन्तर छ ।

यस्तै मोरङ क्षेत्र नम्बर ४ मा रास्वपाका सन्तोष राजवंशी ४० हजार ८३३ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका गुरुराज घिमिरे १२ हजार ८१८ मतसहित दोस्रो स्थानमा रहे । राजवंशी र घिमिरेबिच २८ हजार १५ मतको अन्तर छ ।

यस्तै बारा क्षेत्र नम्बर ३ मा रास्वपाका अरबिन्द साह ४० हजार ६९७ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका सरमुल्लाह मंसुर १० हजार ५२ मतमा सीमित रहे । यी दुईबिचको मतान्तर ३० हजार ६४५ छ ।

कास्की-१ मा रास्वपाका खडकराज पौडेल पनि विशाल मतान्तरले निर्वाचित हुनेमा पर्छन् । उनी ३९ हजार ८८३ मतसहित निर्वाचित हुँदा दोस्रो स्थानमा रहेका नेपाली कांग्रेसका तिलकबहादुर रानाभाटले ११ हजार २१४ मत प्राप्त गरे । यी दुईबिच २८ हजार ६६९ मतको अन्तर छ ।

तनहुँ-१ मा रास्वपाका स्वर्णिम वाग्ले ३८ हजार ४० मतान्तरसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका गोविन्द भट्टराई १६ हजार २३१ मतसहित दोस्रोमा रहे । यी दुईबिच २१ हजार ८०९ मतको अन्तर छ ।

कास्की-३ मा रास्वपाकी बिना गुरुङ ३७ हजार ७५० मतसहित निर्वाचित भइन् । नेपाली कांग्रेसका मनोज गुरुङ १२ हजार ७८० मतसहित दोस्रो स्थानमा रहे । यी दुईबिच २४ हजार ९७० मतको अन्तर छ ।

काठमाडौं-१० मा रास्वपाका प्रदिप विष्ट ३७ हजार ४६९ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका हिमाल कार्की ८ हजार १०० मतसहित दोस्रोमा रहे । यी दुईबिच २९ हजार ३६९ मतको अन्तर छ ।

सप्तरी-४ मा रास्वपाबाट निर्वाचित सिताराम साहले ३६ हजार ४१२ मत प्राप्त गरे । यस्तै नेपाली कांग्रेसका तेजुलाल चौधरी १३ हजार १०३ मतसहित दोस्रोमा रहे । साह र चौधरीबिच २३ हजार ३०९ मतको अन्तर छ ।

काठमाडौं-९ मा रास्वपाका डोलप्रसाद अर्याल पनि विशाल मतान्तरले निर्वाचित भए । अर्यालले ३५ हजार ९३ मत प्राप्त गर्दा नानुमैया बास्तोला ५ हजार ४६० मतसहित दोस्रोमा रहे । अर्याल र बास्तोलाबिच २९ हजार ६३३ मतको अन्तर छ ।

महोत्तरी-१ मा रास्वपाका प्रमोद कुमार महतो ३४ हजार ६३६ मतसहित निर्वाचित हुँदा नेपाली कम्युनिस्ट पार्टीका गिरिराजमणि पोखरेल १२ हजार ६२४ मतसहित दोस्रो स्थानमा रहे । महतो र पोखरेलबिच २२ हजार १२ मतको अन्तर छ ।

काठमाडौं-२ मा रास्वपाका सुनिल केसी ३४ हजार २३८ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका कबिर शर्मा ८ हजार ८७४ मतसहित दोस्रो स्थानमा रहे । यी दुईबिच २५ हजार ३६४ मतको अन्तर छ ।

कास्की-२ मा रास्वपाका उत्तम प्रसाद पौडेल ३१ हजार ९११ मतसहित निर्वाचित हुँदा नेकपा एमालेका रश्मि आचार्य ७ हजार ४९३ मतमा सीमित भए । यी दुईबिच २४ हजार ४१८ मतको अन्तर छ ।

काठमाडौं-५ मा रास्वपाका सस्मित पोखरेल ३० हजार ७३७ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका प्रदीप पौडेल ९ हजार १५१ मतसहित दोस्रो स्थानमा रहे । यी दुईबिच २१ हजार ५७८ मतको अन्तर छ ।

काठमाडौं-४ मा रास्वपाका पुकार बम २९ हजार १४२ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका सचिन तिमल्सेना ८ हजार ८२४ मतसहित दोस्रो स्थानमा रहे । बम र तिमल्सेनाबिच २० हजार ३१८ मतको अन्तर छ ।

काठमाडौं-७ मा रास्वपाका गणेश पराजुली २७ हजार ८०५ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका प्रमोदहरि गुरागाईं ३ हजार ९८२ मतसहित दोस्रो स्थानमा रहे । यी दुईबिच २३ हजार ८२३ मतको अन्तर छ ।

काठमाडौं-६ मा रास्वपाका शिशिर खनाल २७ हजार ७१९ मतसहित निर्वाचित हुँदा नेपाली कांग्रेसका कृष्ण बानियाँ क्षेत्री ६ हजार ६४७ मतसहित दोस्रो स्थानमा रहे । यी दुई उम्मेदवारबिच २१ हजार ७२ मतको अन्तर छ ।

काठमाडौं-८ मा रास्वपाका विराज भक्त श्रेष्ठ २४ हजार ५९२ मतसहित निर्वाचित हुँदा दोस्रो स्थानमा नेकपाका सुमन सायमी ३ हजार २१७ मतमा सीमित रहे । यी दुईबिच २१ हजार ३७५ मतको अन्तर छ ।

कञ्चनपुर-२ मा रास्वपाका दिपकराज बोहरा ३३ हजार ९५२ मतसहित निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नारायण प्रकाश साउदले १० हजार ८२७ मत प्राप्त गरे । यी दुईबिच २३ हजार १२५ मतको अन्तर छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

काँक्रेविहार राष्ट्रिय दैनिक
आइतवार, २४ फागुन, २०८२
Sunday, 8 Mar. 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

महरले जोगाउन सकेनन् देउवाको किल्ला



काँक्रेविहार संवाददाता
धनगढी, २३ फागुन

नेपाली कांग्रेसको अभेद्य गढ मानिने सुदूरपश्चिमको पहाडी जिल्ला डडेल्धुरामा ३४ वर्षपछि कांग्रेसको विरासत ढलेको छ।

प्रतिनिधि सभा निर्वाचन २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार डा. ताराप्रसाद जोशीले ऐतिहासिक जित हासिल गर्दै कांग्रेसको किल्ला भत्काएका हुन्। देउवाले ७ पटक चुनाव जितेको उक्त स्थान जोगाउने जिम्मा नेपाली कांग्रेसका उम्मेदवार नैनसिंह महरलाई दिएको थियो। महराले सो किल्ला जोगाउन सकेनन्।

महरा ७ हजार १० मतको फराकिलो अन्तरले रास्वपाका जोशीसँग पराजित भए। जोशीले १९ हजार १३१ मत प्राप्त गर्दा महरले १२ हजार १२१ मतमा प्राप्त गरे। देउवा २०४८ सालदेखि डडेल्धुरामा नेपाली कांग्रेसबाट सदाबहार उम्मेदवार र अपराजित रहँदै आएका थिए। पूर्वप्रधानमन्त्री एवं कांग्रेसका पूर्वसभापति देउवा यसपटक चुनावी मैदानमा नभएका कारण त्यहाँ काँग्रेसले हार बेहोरेको हो। देउवालाई डडेल्धुराका जनताले २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ र २०७९ सम्म गरेर लगातार ७ पटक जिताएका थिए। देउवा सोही जनमतका आधारमा ५ पटक मुलुकको प्रधानमन्त्री र दुई कार्यकाल नेपाली कांग्रेसको सभापति बनेका थिए। 'जेनजी' आन्दोलनका क्रममा आफ्नै घरमा सांघातिक आक्रमणको सिकार बनेका देउवा निर्वाचन अघि सम्पन्न नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिबाट विस्थापित बने।

विशेष महाधिवेशनबाट गगन कुमार थापा कांग्रेसको नेतृत्वमा आए पनि देउवाको डडेल्धुराबाट अन्तिम पटक चुनाव लड्ने इच्छा थियो। तर, उनले यसपटक चुनाव लड्ने अवसर पाएनन्। सोही कारण देउवा चुनाव अगाडि उपचारका लागि भन्दै सिंगापुर उडे। देउवा भोट हाल्न पनि फर्किएनन्।

'अनावश्यक टिकाटिप्पणी र अवाञ्छित कार्य नगर्नू'

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टीपंक्तिलाई निर्वाचनको पूर्ण परिणाम आउन अझै केही समय लाग्ने भएकाले धैर्य गर्न आग्रह गरेको छ।

केन्द्रीय अनुशासन आयोग (कार्यवाहक प्रमुख) रमाकान्त रिमालले एक विज्ञप्ति जारी गर्दै अन्तिम परिणामको प्रतिक्षा गर्न आग्रह गरेको हो।

पार्टी दुई तिहाइ बहुमततर्फ अग्रसर भइरहँदा जारी विज्ञप्तिमा भनिएको छ, 'निर्वाचनको यस घडीमा पार्टीका विभिन्न पंक्तिहरुबाट सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमहरूमा अनावश्यक टिकाटिप्पणी गर्ने जस्ता गतिविधिहरू बढेको महसुस भएको हुँदा त्यस्ता अवाञ्छित कार्यहरू नगर्न नगराउन सम्पूर्ण पार्टीपंक्तिहरूमा आयोगले ध्यानाकर्षणसहित निर्देश गर्दछ। अवाञ्छित गतिविधि कसैले गरेको कहींकतै भेटिएमा पार्टीको विधान, कार्यविधि, आचारसंहिताका आधारमा आवश्यक कारबाही हुनेतर्फ जनाएको छ।'

यस्तै, अगाडि भनिएको छ, 'लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्दै सभ्य र अनुकरणीय राजनीति गर्नु हामी सबैको कर्तव्य हुन आउँछ। निर्वाचनको शान्तिपूर्ण सम्पन्न हुने अन्तिम घडीतर्फ अगाडि बढिरहेकोप्रति सम्पूर्ण सरोकारवालामा यस आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ। पार्टीको आधिकारिक निर्देशन बेगर कुनै पनि कार्य नगर्न नगराउन समेत पार्टीपंक्ति लगायत सम्पूर्णमा हार्दिक अपिल गर्दछ।'

रास्वपाको सुनामी आउनुका पाँच फ्याक्टर

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ फागुन

परम्परागत राजनीतिक दल र तिनको नेतृत्वको कार्यशैलीबाट नागरिकमा आक्रोश र असन्तुष्टि बढाएको थियो। 'छोटे राजा'को उपमासमेत दिएर नागरिकले केन्द्रदेखि स्थानीय तहसम्मका नेता र कार्यकर्ताप्रति असन्तुष्टि व्यक्त गरिहेका थिए। अझ स्थानीय तहमा सेवा लिँदा पनि दलको कार्यकर्ता हुँदा सहज र दलप्रति आबद्ध नहुँदा अप्ठ्यारो मात्र भोग्नुपरिरहेको थिएन, दलका कार्यकर्ताभन्दा बाहिर योजनासमेत पास हुँदैनथ्यो।

सिंहदरबारको रोग जसरी स्थानीय तहसम्म पुगेको थियो, त्यसले नागरिकलाई आक्रोशित बनाएको थियो। र, त्यसको प्रस्ट संकेत र सन्देश २०७९ सालको चुनावमा भइसकेको थियो। तर, त्यसलाई नजरअन्दाज गरेका दलहरूले सुध्रिनेभन्दा पनि सक्किने बाटो तय गरेको देखियो।

नागरिकलाई असन्तुष्ट बनाउन दलहरूको सत्ता गठबन्धनका हर्कतले पनि बल दिएको थियो। अनि, सत्तावरिपरि रहनका लागि विभिन्न बिचौलियाहरूको प्रभाव हावी हुने स्थितिले पनि नागरिकलाई आक्रोशित बनाएको थियो। नागरिकले आक्रोश सडकमा ओर्लिएर मतदानबाट प्रकट गर्ने गर्छन्। जेन-जी विद्रोहको बेला सडकमा ओर्लिएर विद्रोह गरे, अनि असन्तुष्टि प्रकट गरेका थिए। त्यो विद्रोहको वैधानिकताका लागि २१ फागुनको चुनावमा मतदान गरेका हुन्।

त्यसैले, रास्वपाले प्राप्त गरेको भोट कांग्रेस, एमाले र नेकपाप्रतिको पोखिएको आक्रोशसमेत हो। रास्वपाका राजनीतिक दर्शन वा उसका घोषणापत्रबाट प्रभावित भएरभन्दा पनि परम्परागत दलहरूलाई दण्डित गर्न मतदान गरेको अर्थमा पनि विश्लेषण भइरहेको छ। त्यसैले, कांग्रेस, एमाले र नेकपाले नागरिकलाई हेप्दाको नतिजा मतपेटिकामा पोखिएको हो।

त्यसरी हेर्दा मूलतः पाँचवटा कारणले रास्वपाले अभूतपूर्व जित निकालेको विश्लेषण गर्न सकिन्छ।

परिवर्तनका आकांक्षा

नागरिकमा परिवर्तनको उत्कट चाहना देखिएको थियो। अहिलेका संस्था र संरचनाको कार्यशैलीप्रति ठूलो वितृष्णा पैदा भएको थियो। अहिलेको परम्परागत संरचनामा परिवर्तन खोजेका नागरिकलाई सरकार र संसदबाट अनुभूति गराउन सकेका थिएनन्।

बुढो पुस्ताले युवापुस्ताको चाहनाको गतिलाई समेट्न नसकेको टिप्पणी भइरहेको थियो। शासन, प्रशासनको सेवा प्रवाह, दलहरूको कार्यशैली, सरकारको गति, संसदको भूमिका र सार्वजनिक संस्थाहरूको अल्छीपन र निकम्मा शैलीमा नागरिकले एकसाथ परिवर्तन खोजेका थिए।

त्यति मात्र होइन, नागरिकले गरिखाने वातावरणसमेत नभएको महसुस गरेका थिए। ससाना उद्यमशीलताका लागि पनि व्यहोर्नुपर्ने झन्झट, बुझाउनुपर्ने कमिसन, बिचौलियाको बिगबिगीबाट आजित नागरिकले परिवर्तन खोजिरहेका थिए। त्यो एकसाथ मतदानमा प्रकट भएको विश्लेषण गरिएको छ।

दलीय निरंकुशता

मैमत्ता शैलीमा अग्रसर भएका राजनीतिक दलका नेताहरू छोटे राजाजस्तै भएका थिए। उनीहरूमा मौलाएको निरंकुश शैलीले नागरिकलाई जति असन्तुष्ट बनाएको थियो, त्योभन्दा बढ्दा आक्रोशित कार्यकर्ता र पार्टी सदस्यलाई बनाएको थियो।

एक प्रकारले कांग्रेस, एमाले र नेकपाका नेताहरूमा हिटलर शैली मौलाउन थालेको थियो। फरक विचारको अस्तित्व अस्वीकार गर्ने र नेतृत्वको आलोचना गर्ने नेता र कार्यकर्ताले पार्टीबाटै बहिष्करणमा पर्नुपर्ने थियो। त्यसले गर्दा, एमाले, कांग्रेस र नेकपाका धेरै नेताहरूले पार्टी छोडेर हिँडेको इतिहास पनि छ।

यद्यपि, दलभित्र पनि परिवर्तनको अपेक्षा नागरिकले गरेका थिए। दलभित्रको लोकतन्त्रीकरण र नेतृत्व परिवर्तनको चाहना राख्ने कार्यकर्ताहरूलाई किनाराकृत मात्र होइन, राजनीतिक जीवन नै सकाइदिने हर्कत दलहरूले गरेका थिए। त्यस्तो प्रवृत्ति र पात्रको परिवर्तन पनि दलहरूले खोजेका थिए।

भ्रष्टाचार

भ्रष्टाचार व्याप्त छ भन्ने भाष्य स्थापित छ। राजनीतिक दल र कर्मचारीको मिलेमतोमा भ्रष्टाचार हुने गरेको टिप्पणी गरिन्छ। भ्रष्टाचारमा संलग्न कर्मचारीलाई जोगाउने नेता र नेतालाई भ्रष्टाचारमार्फत आर्थिक लाभ दिने कर्मचारी भनेर नेक्ससको रूपमा व्याख्या पनि गरिन्छ। त्यति मात्र होइन, कर्मचारी र नेताहरूको बीचमा बिचौलियाले तेस्रो तहको भूमिका निर्वाह गर्ने गरेको आरोप लाग्छ।

ठूला ठेक्काहरू नेताहरूको प्रभावबिना निर्णय नहुनेसम्मको तर्क गरिन्छ। ठूलाठूला भ्रष्टाचारका काण्डमा नेता र राजनीतिक दलहरू जोडिएका छन्। ती काण्डमाथि सरकार र संवैधानिक निकायले छानबिनसमेत गर्ने गरेका छैनन्। नक्कली भुटानी शरणार्थी काण्ड, बालुवाटार जग्गाकाण्ड, शिविर घोटाला काण्डदेखि गिरिबन्धु टि-इस्टेटसम्मका काण्डमा दलका नेताहरू जोडिएका छन्।

ती काण्डलाई छानबिन गरिएन। उल्टै ती काण्डको ढाकछोप गर्न सत्ता परिवर्तनका खेलहरू भएका थिए। त्यसले पनि आमनागरिकमा असन्तुष्टि र आक्रोश बढेको थियो। केन्द्रदेखि स्थानीय तहसम्म सेटिङमा हुने भ्रष्टाचार र बिचौलियाको चलखेलबाट वाक्क भएका नागरिकले अहिले मतदानमार्फत दण्डित गरेको अर्थमा पनि हेरिएको छ।

शिक्षालयमा भएको राजनीतीकरण र व्यापारीकरणले नागरिक शिक्षा आर्जनमा पनि सास्ती व्यहोर्नुपर्ने अवस्थामा छन्। स्वास्थ्य संस्थाहरूको हरिबिजोग पनि त्यस्तै छ। विश्वविद्यालय, संवैधानिक निकाय, स्वास्थ्यसम्बन्धी निकायमा विज्ञहरूलाई नियुक्त गर्नेभन्दा पनि दलीय भागवण्डामा कार्यकर्ताहरू भर्ती गर्दा ती संस्थाको साख र गुणस्तर गुम्दै गएको थियो। विगतमा अन्तर राष्ट्रिय छवि बनाएका सार्वजनिक संस्थाहरू अहिले भ्रष्टाचारको अखडाजस्ता भएका थिए।

बालेन ऋेज

हुन त नागरिकले रास्वपालाई विश्वासभन्दा आंशकासहित मतदान गरेका छन्। त्यसमा सबैभन्दा ठूलो फ्याक्टर भने बालेन शाह हुन्। नागरिकले बालेनलाई प्रधानमन्त्रीको रूपमा हेर्न चाहेको प्रतिक्रिया दिइरहेका थिए। त्यसका लागि बहुमत दिनुपर्छ भन्ने मनोविज्ञानले पनि काम गरेको थियो। त्यसैले, प्रत्यक्षतर्फ पनि व्यक्तिभन्दा पनि चुनाव चिह्न प्राथमिकतामा परेको देखिन्छ। मतदानअघि पनि नागरिकले आफ्नो क्षेत्रमा रास्वपाबाट को उम्मेदवार छ ? भन्ने नसोचेर नै मतदान गरेको देखिन्छ। उनीहरूले रास्वपालाई मतदान नगरे बालेन प्रधानमन्त्री हुँदैनन् भन्ने मनोविज्ञानले काम गरेको थियो।

काठमाडौं महानगरपालिकामा धेरै विकास गरेका छन् भन्ने भाष्य देशभरि छाएको थियो। र, त्यो विश्वास प्रवासी नेपालीमा पनि परेको थियो। त्यसैले, काठमाडौंको जस्तै विकासका लागि पनि बालेनलाई प्रधानमन्त्री बनाउनुपर्छ भन्ने तर्क नागरिकले गरिरहेका थिए।

प्रवासी नेपाली

योपटकको चुनावी नतिजामा प्रवासी नेपालीको पनि महत्त्वपूर्ण भूमिका छ। प्रवासी नेपालीहरू परिवर्तनको पक्ष मात्र थिएनन्, कांग्रेस, एमाले र नेकपालाई एकसाथ दण्डित गर्ने मनसायमा थिए। उनीहरूले आफ्नो परिवारका सदस्यलाई रास्वपालाई भोट दिन आग्रह मात्र होइन, दबाब पनि दिएका थिए।

हरेक घरपरिवारमा यो आग्रह र दबाब एकसाथ परेको थियो। अनि, रास्वपाले पनि प्रवासमा रहेका नेपालीलाई घरमा फोन गर्न आग्रहसहितको अभियान पनि चलाएको थियो। योपटक रास्वपालाई भोट नदिए घर नआउनेदेखि पैसा नपठाउनेसम्मका इमोसनल्ली ब्ल्याकमेल गरेका थिए। त्यसको प्रभाव अहिलेको मतदानमा परेको देखिन्छ।

त्यसबाहेक रास्वपाले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने लबिङ गरेको थियो। त्यसको प्रभाव पनि यो चुनावी नतिजामा परेको छ। रास्वपाले वाचापत्रमा वंशजको नागरिकताको निरन्तरता भनेको छ। खासगरी युरोप, अमेरिका र अस्ट्रेलियामा रहेका नेपालीहरूलाई यो नाराले छोएको छ।

कांग्रेस...

जन्मेर हुर्केकी हुन्। नेपाली सिने जगत्की लोकप्रिय नायिका विपना थापाकी बहिनी उनी विवाहपश्चात् दैलेखमा सक्रिय राजनीतिमा क्रियाशिल थिइन्।

उनी दैलेख कांग्रेसभित्र चिनिएकी महिला नेतृ हुन्। विगतमा कांग्रेसले दैलेखमा गरेको विकासलाई नै आफ्नो चुनावी एजेन्डा बनाएकी उनले कांग्रेसको पुरानो विरासत फर्काउने दावी गर्दै आएकी थिइन्। यो क्षेत्रको हालसम्मको विकासमा कांग्रेसको अग्रणी भूमिका पनि छ।

अर्कोतर्फ, चुनावी मैदानमा एक मात्र महिला उम्मेदवार भएकाले पनि उनीप्रति सबैको सहानुभूति रहेको थियो। त्यसैमा पार्टीको बलियो संगठन नै उनको जितको मुख्य आधार बन्यो।

यस्तै दैलेख निर्वाचन क्षेत्र नम्बर २ मा एमालेकी लक्ष्मीप्रसाद पोखरेल निर्वाचित भएका छन्। उनी यसअघि पनि प्रतिनिधिसभामा निर्वाचित उम्मेदवार हुन्। पोखरेल १३ हजार ८८९ मतसहित निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका दिक्पालकुमार शाही ६ हजार ७९७ मतमा सीमित भएका छन्। रास्वपाका बखतबहादुर शाहीले भने ६ हजार ७९७ मत मात्रै ल्याएका छन्।

महेन्द्रबहादुरको ह्याट्रिक यात्रा

कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री समेत रहेका नेकपा नेता महेन्द्रबहादुर शाही कालिकोटमा आफ्नो विरासत जोगाउन सफल भएका छन्। यस पटकको निर्वाचनमा विजयी भएसँगै उनी प्रतिनिधिसभा सदस्यका लागि ह्याट्रिक जित निकाल्न सफल भएका छन्।

तर उनको संसदीय यात्रा भने यो चौथो पटक हो। यसअघि २०७४ मा उनी कर्णाली प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट उम्मेदवार बनेका शाहीले कुल ११ हजार ३३८ मतसहित चुनाव जितेका हुन्।

उनीसँग प्रतिस्पर्धामा आएका एमालेका नगीन्द्रबहादुर शाही 'नेशनल' ले १० हजार ३५२ मत प्राप्त गरेका थिए। नगीन्द्रले ०७९ को चुनावमा पनि महेन्द्रसँग हारेका थिए। यस्तै कांग्रेसका हर्षबहादुर बमले ७ हजार १३३ मत पाउँदा विप्लव नेतृत्वको माओवादीबाट उम्मेदवार बनेका महेन्द्रका पूर्व सहकर्मी नेता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' चौथोमा सीमित बनेका छन्। उनले ४ हजार ५९९ मत मात्रै पाए। आफूभन्दा जुनिएर नेतासँग प्रतिस्पर्धा मै आउन नसकेर 'प्रकाण्ड' को लज्जास्पद हार भएको हो।

सधैँ जोखिमलाई जीतमा परिणत गर्ने नेताका रुपमा चिनिएका महेन्द्रबहादुर ०७९ को प्रतिनिधि सभा निर्वाचनमा २३ हजार ७२७ मत ल्याएर विजयी भएका थिए। त्यो बेला नगीन्द्र शाही (एमाले) १६ हजार ७१८ मत मा सिमित रहे।

यस्तै ०७० को प्रतिनिधिसभा निर्वाचनमा महेन्द्रबहादुरले (माओवादीबाट) १० हजार ९८४ ल्याएर विजयी हुदाँ उनका प्रतिद्धोन्दी भूपेन्द्रबहादुर शाहीले (कांग्रेस) ७ हजार ७५९ मत ल्याएका थिए। त्यो बेला पनि महेन्द्रबहादुरलाई चुनाव जित्न निकै जोखिम थियो। कालिकोटको शीर्षस्थ नेता मानिएका 'प्रकाण्ड' सांसद कार्यकाल नसकिँदै (०६९) तिर प्रचण्डसँग असन्तुष्टि जनाएर विप्लवसँगै मूल पार्टी छाडेका थिए।

०६४ मा झन्डै २७ हजार मतसहित चुनाव जितेका 'प्रकाण्ड' जिल्लामा मात्र होइन समग्र कर्णालीमै ठुला नेता कहिलिएका थिए। माओवादी युद्धको एक आधारभूमि मानिने कालिकोटमा शीर्ष नेताले नै मूल पार्टी छाडेपछि कार्यकर्तामा अन्योल थियो, महेन्द्र त्यो बेलासम्म तत्कालीन जनमुक्ति सेना समायोजनमा चित्त नबुझाएर बसेका थिए।

प्रचण्डले कालिकोटमा आधार क्षेत्र बचाउन भन्दै महेन्द्रलाई मूलधारको राजनीतिमा अघि बढाए। जनमुक्ति सेनामा हुँदा देशका ठुला मोर्चाहरू सफलता पूर्वक लडेका महेन्द्रको त्यसपछि मात्रै पार्टी राजनीतिमा यात्रा तय भयो।

माओवादी फुटकै बिचबाट ०७० को दोस्रो संविधान सभा चुनाव जितेका महेन्द्र शेरबहादुर देउवा नेतृत्वको सरकारमा ऊर्जामन्त्री बने। त्यही बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध महाभियोगको प्रस्ताव दर्ता गर्दै चर्चामा आए, त्यो पनि उनको निकै जोखिमपूर्ण काम थियो। ०७४ मा प्रदेश सभा झरेका उनी कर्णालीको मुख्यमन्त्री बनेका थिए। नेकपाभित्र कर्णालीका प्रभावशाली नेताका रूपमा उनी चिनिन्छन्।

शक्तिलाई हराउने खडकबहादुर

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का शक्तिबहादुर बस्नेतलाई पराजित गर्दै जाजरकोटमा नेपाली कांग्रेसका खडकबहादुर बुढा निर्वाचित भएका छन्। अघिल्ला दुई निर्वाचनमा संघीय संसद्मा प्रत्यक्षतर्फ प्रतिनिधित्व गर्न नपाएको कांग्रेसले यसपटक जिल्लाबाट युवा नेता पाएको हो।

चौथो पटक प्रतिनिधिसभा सदस्य जितको खोजीमा रहेका शक्तिको विजयी यात्रामा खडकले ब्रेक लगाएका छन्। बस्नते यसअघि चारपटक मन्त्री समेत भइसकेका नेता हुन्। २०६४ सालमा समानुपातिक सांसद बनेका शक्ति बस्नेत त्यसयताका निर्वाचनमा लगातार निर्वाचित हुँदै आएका थिए।

यस पटक जाजरकोटबाट प्रमुख तीन दलको खास शक्ति परीक्षणको निर्वाचनका रूपमा थियो। किनभने २०७४ यता सबै दल एक्लाएक्लै चुनावमा होमिएका थिए। नेपाली कम्युनिस्ट पार्टीबाट बस्नेत उम्मेदवार बन्दा कांग्रेसबाट बुढा र एमालेबाट डम्बरबहादुर सिंह उम्मेदवार थिए। सिंह २०७० मा भएको संविधानसभा निर्वाचनमा बस्नेतसँग ५२० मतान्तरले पराजित भएका थिए।

यसपटकको निर्वाचनमा देशभर रास्वपाको लहर हुँदा पनि जाजरकोटमा भने रास्वपा उम्मेदवारले जमानत जोगाउन सकेनन्। कांग्रेसका बुढाले २० हजार १८२ मत प्राप्त गर्दा दोस्रोमा रहेका नेकपामा बस्नेतले २० हजार १८२ मत ल्याए। तेस्रोमा रहेका एमालेका सिंहले १६ हजार ८८३ र रास्वपाका राघव कार्कीले २ हजार ४७१ मत मात्रै ल्याए। लगातार चौथो जितको खोजीमा रहेका नेकपा उम्मेदवार शक्ति बस्नेतको संसदीय यात्रामा ब्रेक लगाउने खडकबहादुर बुढा नेपाली कांग्रेस जाजरकोटका उपसभापति हुन्। सभापति बेदराज सिंह २०७९ को प्रदेशसभा निर्वाचनमा कर्णाली प्रदेशसभा सदस्य निर्वाचित भएपछि बुढाले कार्यवाहक सभापतिको जिम्मेवारी निर्वाह गर्दै आएका थिए। १३ औं महाधिवेशनबाट नेपाली कांग्रेस जाजरकोटको जिल्ला सचिव भएका उनी २०७८ मा भएको १४ औं महाधिवेशनबाट उपसभापति निर्वाचित भएका थिए। २०४२ साल मंसिर २० गते जाजरकोटको शिवालय गाउँपालिका-९, नाहाडामा जन्मिएका बुढाले संसदीय चुनावमा पहिलो प्रयासमै जित निकालेका हुन्।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)